# KIAN हेल्लो खावासकी

अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,
भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानी
संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस्।
खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं.: ०४४-४३५-७००० फ्याक्स नं.: ०४४-४३५-७०१० https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

## २५ औं विदेशी विद्यार्थीहरुको जापानिज भाषा वक्तृत्व-कला प्रतियोगिता सहभागी चाहियो!

खावासाकी शहरको विद्यालयमा पढने, काम गर्ने अथवा कावासाकी शहरको जापानिज भाषा पढाउने कक्षामा अध्ययन गर्ने विदेशी विद्यार्थीहरुको जापानिज भाषाको वक्तृत्व-कला प्रतियोगितामा भाग लिएर हेर्न चाहनु हुन्न ! (भाग लिनको लागि पढने ठाउँ अथवा काम गर्ने ठाउँको सिफारिस आवश्यक छ। )

**[ मिति र समय ] २०२०/ २/ १५ (शनिबार) दिउँसो १: ०० देखि ४: ३० सम्म**

**प्रवेश / सहभागिता नि:शल्क**

＊खराब मौसम आदिको कारणले गर्दा रद्द भएमा मार्च ७ तारिख (शनिबार) मा सर्ने छ।
प्रतियोगिता सकेपछि भेटघाट तथा कुराकानी कार्यक्रममा भाग लिई रमाइलो गर्नु होस्।




**[ स्थान ] खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल र रिसेप्शन कोठा**

**[ आवेदनको अन्तिम म्याद ] २०२०/ १/ १७ (शुक्रबार)**

＊विस्तृत जानकारीको लागि केन्द्रमा सम्पर्क गर्नु होस्।

**************************************************************************************

## वर्षको अन्त तथा नयाँ वर्षको बिदाको आपतकालीन क्लिनिक तथा बच्चाहरूको आपतकालीन केन्द्र

बिदाको बेलामा अचानक ज्वरो आउने जस्ता प्रारम्भिक चिकित्सा सेवा **"बिदा आपतकालीन क्लिनिक"** मा उपल्ब्ध छ।



**उपचारको विषयहरु : आन्तरिक चिकित्सा र बाल रोग**

**बिरामी जाँच्ने दिन : आइतबार / सार्वजनिक बिदाहरू / वर्षको अन्त तथा नयाँ वर्ष (डिसेम्बर ३० तारिख देखि जनवरी ४ सम्म )**

＊कृपया बिरामी जाच्ने समय फरक हुन सक्ने भएकोले उपचारको लागि आउनु भन्दा अगाडि फोन बाट सम्पर्क गरि समयको बारे जानकारी प्राप्त होस्।)

| जापानिज नाम र विदेशी भाषिक नाम | फोन नं र वडा नं | रिसेप्शन तथा बिरामी जाँच्ने समय |
|---|---|---|
| नाम्बु स्योजी क्युब्यो सेन्टर (खावासाकी अस्पताल भित्र ) (दक्षिणी भागको बाल आपतकालीन केन्द्र) | ०४४-२३३-५५२१ खावासकी वडा | प्रत्येक साझँ ५:०० देखि अर्को दिनको बिहान ८:३० सम्म रिसेप्शन खुल्ने २४ घण्टा संचालन |
| खावासाकी क्युजिचु क्युखान सिनर्योज्यो (खावासाकी वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | ०४४-२११-६५५५ खावासकी वडा | बिहान ९:०० देखि ११:३० र दिउँसो १:०० देखि ४:०० |
| साइवाई क्युजिचु क्युखान सिनर्योज्यो (साइवाई वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | ०४४-५५५-०८८५ साइवाई वडा | बिहान ९:०० देखि ११:३० र दिउँसो १:०० देखि ४:०० |
| नाकाहारा क्युजिचु क्युखान सिनर्योज्यो (नाकाहारा वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | ०४४-७२२-७८७० नाकाहारा वडा | बिहान ९:०० देखि ११:३० र दिउँसो १:०० देखि ४:०० |
| च्युबु स्योजी क्युब्यो सेन्टर (मध्य भागको बाल आपतकालिन केन्द्र) | ०४४-७३३-५१८१ नाकाहारा वडा | प्रत्येक साझँ ६:३० देखि राति ११:०० जापानिज चिकित्सक विश्व विद्यालय मुसाशी कोसुगी अस्पताल भित्र |
| ताकाचु क्युजिचु क्युखान सिनर्योज्यो (ताकाचु वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | ०४४-८११-९३०० ताकाचु वडा | बिहान ९:०० देखि ११:३० र दिउँसो १:०० देखि ४:०० |
| मियामाए क्युजिचु क्युखान सिनर्योज्यो (मियामाए बिदाको दिनको आपतकालीन क्लिनिक) | ०४४-८५३-२१३३ मियामाए वडा | बिहान ९:०० देखि ११:३० र दिउँसो १:०० देखि ४:०० |
| तामा क्युजिचु क्युखान सिनर्योज्यो (तामा वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | ०४४-९३३-११२० तामा वडा | बिहान ९:०० देखि ११:३० र दिउँसो १:०० देखि ४:०० (आन्तरिक चिकित्सा) प्रत्येक साझँ ६:३० देखि राति १०:३० सम्म रिसेप्शन खुल्ने |
| होकुबु स्योजी क्युब्यो सेन्टर (उत्तरी भागको बाल आपतकालिन केन्द्र) | ०४४-९३३-११२० तामा वडा | बिहान ९:०० देखि ११:३० र दिउँसो १:०० देखि ४:०० (बाल रोग) प्रत्येक साझँ ६:३० देखि अर्को दिनको बिहान ५:३०सम्म रिसेप्शन खुल्ने |
| आसो क्युजिचु क्युखान सिनर्योज्यो (आसो वडाको बिदाको दिनको आपतकालीन क्लिनिक) | ०४४-९६६-२१३३ आसो वडा | बिहान ९:००देखि११:३० र दिउँसो १:०० देखि ४:०० |

**आपतकालीन चिकित्सा सूचना केन्द्र फोन नं.: ०४४-७३९-१९१९**

**＊दन्त चिकित्साको जानकारी अथवा चिकित्सक परामर्श बाहेकको अन्य चिकित्सा२४ घण्टा संचालन**

# "संस्कृतिक आदानप्रदान कार्यक्रम"

## लोकप्रिय कोरियन खाना बनाएर हेरौं !

[ **मिति र समय** ] : **२०२०/ ३/ ३** (मंगलबार) **बिहान ११:०० देखि दिउँसो २: ३० सम्म** (समय परिवर्तन हुन सक्छ। )

[ **स्थान** ] : **खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको खाना पकाउने कोठा**

[ **प्रशिक्षक** ] : शिन मिग्योन (दक्षिण कोरियाली)

[ **आवश्यक सामग्री** ] : चीज ताख्खारुबी इत्यादि

[ **सहभागिता शुल्क** ] : १,५६८ येन (कार्यक्रमको दिनमा संकलन गरिने)



( यो फोटोमा देखिएको जस्तो )

＊बच्चा हेरिदिने सुविधा उपलब्ध (अग्रिम जानकारी गराउन आवश्यक → १ वर्ष वा सो भन्दा माथिको)

[ **आवेदन दिने तरिका** ] : ओफुकु पोस्टकार्ड (फिर्ता आउने हुलाकी कार्ड) मार्फत आवेदन दिनुहोस्। १ प्रति कार्ड बाट २ जना सम्मले आवेदन दिनमिल्ने

१. कार्यक्रमको नाम "कोरियन खाना"　　२. सहभागी नाम (सहभागी व्यक्ति २ जना भएमा दुबै जनाको नाम)

३. ठेगाना　　४. दिनमा सम्पर्क हुन सक्ने फोन नम्बर

＊आवेदनको अन्तिम म्याद आदि विस्तृत जानकारीको लागि पर्चा (फ्लायर), केन्द्रको होमपेज, फेसबुक्क हेर्नु होस् अथवा केन्द्रमा सम्पर्क गर्नु होस्।

*********************************************************************************************

## वर्षको अन्त तथा नयाँ वर्षको बिदाको बेलाको फोहोर संकलन सम्बन्धि

कृपया प्रत्येक क्षेत्रको फोहोर संकलन तालिका जाँच गर्नुहोस् र संकलन गर्ने दिनको बारे राम्ररी ध्यान दिनु होस्।



＊सधै फाल्ने फोहोर तथा पुन: प्रयोगहुने वस्तुको संकलन : वर्षको अन्तमा डिसेम्बर ३१ तारिख (मंगलबार) सम्म र वर्षको सुरुमा जनवरी ४ तारिख (शनिबार) बाट सधैको फोहोर संकलन तालिका अनुसार संकलन गरिन्छ।


＊ठूलो आकारको फोहोर फाल्नको लागि **फाल्नु भन्दा अगाडि जानकारी गराउन आवश्यक** हुन्छ। कृपया संकलन गर्ने मिति भन्दा ३ दिन अगाडि (डिसेम्बर ३१ तारिख देखि जनवरी ३ तारिख सम्म, शनिबार र आइतबार बाहेक) जानकारी गर्नुहोस्।

- खावासाकी शहरको वेबसाइटबाट अनलाइन आवेदन दिनु होस् (शुरुमा प्रयोगकर्ताको व्यक्तिगत जानकारीहरु दर्ता गर्न आवश्यक छ)
- **फोनबाट आवेदन** → ठूलो आकारको फोहोर लिने केन्द्र: ०४४-९३०-५३०० समय: बिहान ८:०० देखि दिउँसो ४:४५

खावासाकी शहरमा फोहोर कसरी फाल्ने भन्ने बारेमा जानकारीको लागि, कृपया "फोहोर पुन: प्रयोगहुने वस्तुको छुट्याउने तरिका र फाल्ने तरिका" को पुस्तिका (ब्रोशर) हेर्नुहोस्!! वडा कार्यालय तथा खावासाकी अन्तर्राष्ट्रिय केन्द्रमा पुस्तिका (ब्रोशर) उपलब्ध छ। फुरिगाना सहितको जापानिज, अंग्रेजी, चिनियाँ, कोरियाली वा उत्तर कोरियाली, तागालोग, पोर्तुगाली र स्पेनिश पुस्तिका (ब्रोशर) प्रयोग गर्नुहोस्।

*********************************************************************************************

## [खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा]



यदि तपाईंले सोध्न चहेका केहि प्रश्नहरू भएमा अथवा समस्या परेमा सम्पर्क गर्नुहोस्। (नि: शुल्क)

＊ **अगस्ट महिना देखि यस केन्द्रको अनुवाद सेवा बन्द गरिएको छ। अफ्ठयारो पर्न गएकोमा क्षमायाचना गर्दछौ।**

- **परामर्श सेवाको समय (१०:०० देखि १२:०० र १:०० देखि ४:००)**
- **परामर्श सेवाको प्रत्यक्ष सम्पर्क नं.: ०४४-४५५-८८११**

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली / उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| चिनियाँ | मंगलबार, बुधबार र शुक्रबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

## ＊प्रशासनिक अधिकृत द्वारा नि:शुल्क परामर्श सेवा

**(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क )**

- **मिति र समय : २०१९/ १२/ १५ (आइतबार ), २०१९/ १/ १९ (आइतबार ) दिउँसो २:०० देखि ४:०० सम्म**
- **स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला** संघको बैठक कोठा